आज मिति २०८१ साल श्रावण ३२ गतेका दिन यस हेटौंडा उपमहानगरपालिकाको १२ औं नगर सभाबाट स्वीकृत आर्थिक ऐन २०८१ को कर दरका सन्दर्भमा मकवानपुर उद्योग वाणिज्य संघले करदरमा संशोधनका लागि विभिन्न आन्दोलनका कार्यक्रम तय गरी बढाइरहेको आन्दोलनको सन्दर्भमा छलफल गर्नका लागि नगर प्रमुख श्री मिना कुमारी लामाज्यूको समुपस्थितिमा मकवानपुर उद्योग वाणिज्य संघको प्रतिनिधिहरू समेतको देहाय बमोजिमको उपस्थिति रहन गयो।

उपस्थिति.

श्री मिना कुमारी लामा
नगर प्रमुख

श्री राजेश बानिया
नगर उप प्रमुख

श्री सूर्य प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत

श्री साकेन न्यौपाने
प्रवक्ता हे.उ.म.न.पा.

श्री रामकृष्ण थापा
वडा अध्यक्ष, हेटौंडा-८

श्री ईश्वरराज ढकाल
कानुनी सल्लाहकार, हे.उ.म.न.पा.

डा. कृष्ण घिताल
विज्ञ सल्लाहकार, हे.उ.म.न.पा.

श्री कृष्ण कुमार अग्रवाल गुप्ता
अध्यक्ष, मकवानपुर उद्योग वाणिज्य संघ

श्री उज्वल चौलागाईं
उपाध्यक्ष, म.उ.वा. संघ, मकवानपुर, हेटौंडा

श्री राजु अधिकारी
उपाध्यक्ष, म.उ.वा. संघ, मकवानपुर, हेटौंडा

श्री सन्तोष अर्याल
कोषाध्यक्ष, म.उ.वा. संघ, मकवानपुर, हेटौंडा

श्री बालगोपाल कडेल
अध्यक्ष, निर्माण व्यवसायी संघ, मकवानपुर, हेटौंडा

श्री प्रदिप अर्याल,
मकवानपुर उद्योग वाणिज्य संघ, मकवानपुर हेटौंडा

श्री कल्याण पौडेल
उपाध्यक्ष, होटल व्यवसायी संघ, मकवानपुर, हेटौंडा

श्री त्रिप्रसाद तिमल्सिना
वित्त व्यवस्थापन महाशाखा प्रमुख, हे.उ.म.न.पा.

श्री लक्ष्मण मैनाली
कानुन शाखा प्रमुख, हे.उ.म.न.पा.

श्री मनोज कुमार दुवेदी
प्रमुख, राजस्व व्यवस्थापन शाखा

श्री जगन्नाथ सापकोटा प्रा० अ०

**निर्णय:**

मकवानपुर उद्योग वाणिज्य संघबाट आर्थिक वर्ष २०८१/८२ को करका दरको सम्बन्धमा मिति २०८१ साल श्रावण १८ गतेका दिन उपमहानगरपालिका समक्ष पेश भएको ज्ञापन पत्र र मिति २०८१।०४।३२ गतेका दिन वार्ताको क्रममा पेश भएका मागहरुका सन्दर्भमा उपमहानगरपालिका कार्यालय र मकवानपुर उद्योग वाणिज्य संघका प्रतिनिधिहरु बीच छलफल हुँदा निम्न बमोजिम समझदारी कायम गरियो ।

१. मकवानपुर उद्योग वाणिज्य संघले मिति २०८१।०४।३२ गते राखेको लिखित माग पत्रको बुँदा नं. १ मा प्रस्ताव गरेको मागको सम्बोधन गर्न आवश्यक प्रस्ताव तयार गरी आजका उप्रान्त हुने नगर सभा समक्ष पेश गर्ने ।

२. मकवानपुर उद्योग वाणिज्य संघले बुँदा नं. २ मा प्रस्ताव गरेको मागका सम्बन्धमा मकवानपुर उद्योग वाणिज्य संघ सहितको सहभागितामा अध्ययन समिति गठन गरी नगरपालिका समक्ष पेश गर्ने।

३. मकवानपुर उद्योग वाणिज्य संघले बुँदा नं. ३ मा प्रस्ताव गरेको मागका सम्बन्धमा विकास निर्माणका कार्यहरु गर्ने गराउने सन्दर्भमा निर्माण व्यवसायी संघसँग समन्वय गरी निर्माण कार्यको प्रकृति समेतका आधारमा थ्रेसहोल्ड कायम गरी लैजान नगर कार्यपालिका समक्ष पेश गर्ने।

४. मकवानपुर उद्योग वाणिज्य संघले बुँदा नं. ४ मा प्रस्ताव गरेको मागका सम्बन्धमा होटल व्यवसायको सञ्चालन समयलाई मध्य रातसम्म विस्तारको लागि सम्बन्धित निकायसँग समन्वय तथा सहजीकरण गर्ने र वर्गीकरणका मापदण्ड तयार गरी जाने ।

५. मकवानपुर उद्योग वाणिज्य संघले बुँदा नं. ५ मा प्रस्ताव गरेको मागका सम्बन्धमा आन्तरिक राजस्व कार्यालय, राजस्व विभाग र महालेखा परीक्षकको कार्यालयमा समन्वय गरी यथासिघ्र समस्या समाधान गर्ने ।

६. मकवानपुर उद्योग वाणिज्य संघले बुँदा नं. ६ मा प्रस्ताव गरेको मागका सम्बन्धमा मकवानपुर उद्योग वाणियज्य संघ समेतको सहकार्यमा घर भाडामा लगाउने घरधनीहरुको विवरण तयार गरी बहाल करलाई सम्पत्ति करसँग एकीकृत गर्ने प्रकृया प्रारम्भ गर्ने ।

७. मकवानपुर उद्योग वाणिज्य संघले बुँदा नं. ७ मा प्रस्ताव गरेको मागका सम्बन्धमा राजस्व परामर्श समितिमा छलफल हुने विषयसँग सम्बन्धित क्षेत्रका विज्ञहरुलाई आमन्त्रित गर्ने ।

८. मकवानपुर उद्योग वाणिज्य संघले निर्धारण गरेका उपमहानगरपालिकासँग सम्बन्धित सम्पूर्ण आन्दोलनका कार्यक्रमहरु स्थगित गर्ने ।